# लिखु गाउँपालिका यसम, ओखलढुङ्गा

## कोशी प्रदेश

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- ९ | संख्याः - ७ | मितिः- २०८२/०४/२३ |
|---|---|---|


## भाग-२

नेपालको संविधानको धारा २२२ बमोजिम गठित गाउँसभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लिखु गाउँपालिकाको **शैक्षिक सहायता अनुदान कार्यविधि, २०८२** लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### शैक्षिक सहायता अनुदान कार्यविधि, २०८२

**प्रमाणिकरण मितिः- २०८२/०४/२३**

**प्रस्तावनाः** नेपालको संविधान, २०७२ को अनुसूची ८ को सूची नं ८ मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार सूचीको रुपमा रहेको छ । गाउँपालिकाको शैक्षिक विकासका लागि गाउँपालिका क्षेत्र भित्रका शैक्षिक संस्थाहरूमा अध्ययन गर्ने विद्यार्थीका लागि गुणस्तरीय शिक्षा प्रदान गरी प्रविधियुक्त, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसुलभ शिक्षा प्रदान गर्न यस गाउँपालिका क्षेत्रभित्र सञ्चालित शैक्षिक संस्थाको व्यवस्थापनमा टेवा पुऱ्याउन वाञ्छनीय भएकाले,

नेपालको संविधानको मर्म एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरूप लिखु गाउँपालिकाको प्रशासकीय कार्यविधि नियामन गर्ने ऐन, २०७४ को दफा ०४ बमोजिम लिखु गाउँ कार्यपालिकाले यो शैक्षिक सहायता अनुदान कार्यविधि, २०८२ बनाइ लागू गरेको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **शैक्षिक सहायता अनुदान कार्यविधि, २०८२** रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

ग) यो कार्यविधि लिखु गाउँपालिका क्षेत्र भित्र सञ्चालित शैक्षिक संस्थामा मात्र लागू हुनेछ ।

**२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "कार्यविधि" भन्नाले लिखु गाउँपालिकाको शैक्षिक सहायता अनुदान कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले लिखु गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) "गाउँ सभा" भन्नाले लिखु गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

घ) "गाउँ कार्यपालिका" भन्नाले लिखु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख" भन्नाले लिखु गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

च) "शैक्षिक संस्था" भन्नाले लिखु गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय र बालविकास केन्द्रलाई सम्झनु पर्दछ ।

छ) "कर्मचारी" भन्नाले विद्यालय व्यवस्थापन समितिबाट प्रचलित कानून बमोजिम नियुक्त गरिएका विद्यालय कर्मचारी सम्झनु पर्दछ।

ज) "समिति" भन्नाले सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

झ) "प्रधानाध्यापक" भन्नाले शैक्षिक संस्थाको प्रशासनिक कामकाज समेत गर्ने गरी विद्यालय व्यवस्थापन समितिबाट नियुक्त गरिएको शिक्षक सम्झनु पर्दछ।

ञ) "विद्यालय" भन्नाले प्रचलित ऐन नियम बमोजिम स्थापना भएको बालविकास केन्द्र र सामुदायिक विद्यालय सम्झनु पर्दछ।

ट) "विद्यालय व्यवस्थापन समिति" भन्नाले प्रचलित ऐन नियम बमोजिम गठन गरिएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

ठ) "शिक्षक" सामुदायिक विद्यालयमा अध्यापनरत नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाबाट कुनै पनि सेवा सुविधा प्राप्त नगर्ने विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार निजी स्रोतबाट पारिश्रमिक पाउने गरी नियुक्त गरिएका शिक्षक सम्झनु पर्दछ।

## परिच्छेद : २
## अनुदानको उद्देश्य

**३) अनुदानको उद्देश्यः**

क) शिक्षालाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाउन।

ख) गुणस्तरीय शिक्षा मार्फत व्यवहार कुशल सीप निर्माण गर्न।

## परिच्छेद - ३
## अनुदान दिन सकिने क्षेत्रहरू

**४) अनुदान दिन सकिने क्षेत्रहरू :**

१) यस गाउँपालिकाद्वारा योजना खुलाई तोकेको बाहेक देहाय बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ।

क) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाबाट कुनै अनुदान नपाउने र आन्तरिक श्रोतबाट न्यून पारिश्रमिक पाइरहेका शिक्षक तथा कर्मचारीको पारिश्रमिक व्यवस्थापन।

ख) विद्यालयमा सामान्य मर्मत सम्भार र दैनिक अत्यावश्यकीय बस्तुको व्यवस्थापन (मेसिनरी तथा फर्निचर मर्मत सम्भार)।

ग) प्रविधिमैत्री सिकाइका लागि आवश्यक पूर्वाधार, सामग्री र प्रविधिको प्रयोग (विद्युत महशुल)।

२) उपदफा १ मा जुनसकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका वा गाउँ सभाबाट माथि उल्लेखित मध्ये कुनै शीर्षकमा तोकेर विनियोजन गरेको खण्डमा सोही शीर्षकमा मात्र खर्च गर्नुपर्ने छ।

## परिच्छेद ४
## अनुदान तथा सहायता रकम निकासा तथा कार्यान्वयन प्रकृया

**५. अनुदान तथा सहायता रकम निकासा प्रकृयाः**

क) गाउँ शिक्षा समिति वा गाउँ कार्यपालिकाको निर्णयबाट सम्बन्धित शैक्षिक संस्था मार्फत प्रस्ताव पेश गर्नु पर्नेछ।

ख) अनुदान प्राप्त गर्ने शैक्षिक संस्थाले अनुसुची १ बमोजिमको ढाँचामा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्तावना गाउँपालिकामा पेस गर्नुपर्नेछ।

ग) अनुसुचि २ को सम्झौताको आधारमा अनुदान रकम सम्बन्धित शैक्षिक संस्थाको खातामा निकासा दिइनेछ। पहिलो किस्ता प्रस्तावनाका आधारमा ५० प्रतिशत निकासा हुने र बाँकी ५० प्रतिशत कार्य सम्पन्न प्रतिवेदन, वि.व्य.स. को निर्णयको आधारमा निकासा दिईनेछ।

घ) शैक्षिक संस्थाले बैंक मार्फत सम्बन्धित शिक्षक वा कर्मचारीको खातामा भुक्तानी दिनुपर्नेछ।

ङ) गाउँपालिकाले अनुदान रकम पेश्कीको रुपमा दिइनेछ।

च) शैक्षिक संस्थाले खर्चको फाँटवारी तथा बिलहरु पेश गरी पेश्की फछ्यौट गर्नुपर्ने छ।

छ) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाबाट कुनै पनि तलब, सेवा सुविधा प्राप्त नगरेको विद्यालयको आन्तरिक श्रोतबाट पारिश्रमिक पाइरहेका शिक्षक तथा कर्मचारीको विवरण र नियुक्ति पत्रको प्रतिलिपी उपलब्ध गराउनु पर्नेछ साथै उक्त विवरण IEMIS मा प्रविष्ट गरेको हुनु पर्नेछ।

ज) विद्यालयले अनुदान रकम प्रचलित कानून विपरीत खर्च गरी कुनै हिनामिना भएमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति पूर्ण जिम्मेवार रहने छ।

## परिच्छेद - ५
## विविध

**६. लेखापरीक्षण सम्बन्धी व्यवस्था :**

निकासा भएको रकमको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ। खर्चको कागजात, विल भरपाइ र लेखा परीक्षण गर्ने अन्तिम दायित्व प्रधानाध्यापकको हुनेछ।

**७. अनुगमन सम्बन्धी व्यवस्थाः**

क) यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा गाउँपालिकाबाट अनुगमन हुनेछ। अनुगमनको क्रममा तोकिएको रकम प्रचलित कानून बमोजिम खर्च नभएको पाइएमा गाउँपालिकाले अनुदान कट्टा गरी भुक्तानी भएको अनुदान असुल उपर गर्नेछ।

ख) गाउँपालिकाबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा अनुदान रकमबाट तोकिएको कार्य नभएको पाईएमा गाउँपालिकाले तोकिएको कार्य सम्पन्न गर्न सम्बन्धित विद्यालय व्यवस्थापन समिति वा प्रधानाध्यापकलाई निर्देशन दिन सक्नेछ।

ग) गाउँपालिकाले दिएको निर्देशन पालना गर्नु सम्बन्धित विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको कर्तव्य हुने छ।

घ) खण्ड (ग) बमोजिम निर्देशन पालना नगर्नेलाई कानुन बमोजिम कार्वाही गर्ने वा कार्वाही  गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिने छ।

**८. संशोधन तथा परिमार्जनः**

गाउँपालिकाले शैक्षिक अनुदान कार्यविधि, २०८२ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

**९. बाधा अड्काउ फुकाउ वा संसोधनः**

यस कार्यविधि बमोजिम कार्य गर्दा कुनै बाधा अड्काउ परेमा वा कार्यविधिमा कुनै संसोधन गर्नु परेमा लिखु गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

## अनुसुची १

(दफा ५ को ख सँग सम्बन्धित)

### प्रस्ताव ढाँचा

१. शैक्षिक संस्थाको विवरण:

क) नाम:

ख) ठेगाना:

जिल्ला: गाउँपालिका: वडा नं. :

ग) प्रधानाध्यापक/ सहजकर्ताको नाम:

घ) सञ्चालित कक्षा:

ङ) विद्यार्थी विवरण:

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| बालविकास | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |

च) शिक्षक तथा कर्मचारी विवरण:

| क्र. सं. | शिक्षक तथा कर्मचारीको नाम, थर | पद | तह |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

| | | | |
|---|---|---|---|
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

२. अनुदान कार्यक्रम कार्यान्वयनको लागि शिक्षा सुधार योजनाका कार्यक्रमहरु-

क) कार्यक्रम/ क्रियाकलापको विवरणहरु (दफा ४ को क, ख र ग बमोजिम कार्यक्रमको नाम राख्ने)

कार्यक्रमको नाम:

कार्यक्रमको औचित्य/ आवश्यकता

कार्यक्रमको उद्देश्य:

सम्पादन गर्नु पर्ने मुख्य- मुख्य कामहरु:

३) कार्यक्रम/ क्रियाकलाप कार्यान्वयनको कार्ययोजना:

| क्र. सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया | समय अवधि | अनुमानित लागत रकम रु. | मूख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | कुल जम्मा लागत | | |

**प्रस्तावसँग संलग्न कागजातहरू**

१. प्रस्तावको निवेदन

२. प्रस्ताव पेश गर्ने सम्बन्धि व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि

३. विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत चालू शैक्षिक सत्रको विद्यालय सुधार योजना (SIP)

४. अघिल्लो आ.व. को सामाजिक परीक्षण प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन

**प्रस्ताव पेश गर्ने**

प्रधानध्यापक/ सहजकर्ताको नाम थर:

शैक्षिक संस्थाको छापः

हस्ताक्षरः

सम्पर्क नम्बर :

प्रस्ताव पेश गरेको मिति :

## अनुसूची-२

(दफा ५ को ग सँग सम्बन्धित)

## अनुदान रकम कार्यान्वयन सम्झौताको ढाँचा

अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा लिखु गाउँपालिका र .................................... विद्यालय/ बाल विकास केन्द्र बीच भएको

## सम्झौता-पत्र

आज मिति ....................................गतेका दिन निम्न साक्षीहरुको रोहबरमा अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा लिखु गाउँपालिका, यसम, ओखलढुङ्गा, कोशी प्रदेश (यसपछि "पहिलो पक्ष" भनिएको) र ......................................................................... विद्यालय, .......................................... (यसपछि "दोश्रो पक्ष" भनिएको) बीच देहायका शर्तहरूको अधीनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक/एक प्रति एक आपसमा बुझी लियौं/दियौं।

## सम्झौताका शर्तहरू

१. अनुदान रकम कार्यान्वयन गर्ने सम्बन्धी व्यवस्था

(क)

(ग)

२. रकम निकासा सम्बन्धी व्यवस्था

(क) यस सम्झौता बमोजिम पहिलो पक्षले दोश्रो पक्षलाई रू. ........... ( ...................................................रूपैयाँ) (५०%) रकम उपलब्ध गराउनेछ।

(ख) बाकीँ अनुदान रकम कार्यक्रमको प्रगति प्रतिवेदनको आधारमा उपलब्ध गराइनेछ।

३. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

क) पहिलो पक्षबाट गरिएको अनुगमनका क्रममा यस सम्झौता बमोजिम कार्यक्रम सञ्चालन नभएको वा कार्यक्रमको प्रगति सन्तोषजनक नभएको पाइएमा पहिलो पक्षले जुनसुकै बेला अनुदान कार्यक्रम रद्द गर्न सक्नेछ।

४. सम्झौताको लागू र अन्त्य हुने समय सम्बन्धी व्यवस्था

(क)

(ख)

५. यस सम्झौतामा भएका कुराहरु यसै सम्झौता बमोजिम तथा अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ।

| **दोश्रो पक्षको तर्फबाटः** | **पहिलो पक्षको तर्फबाटः** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| शैक्षिक संस्था: | कार्यालयः |
| रोहवरः | रोहवरः |
| नाम थरः | नाम थरः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| शैक्षिक संस्था: | कार्यालयः |